## प्राविधिक सहजकर्ता (Technical Facilitator) का लागि आवश्यक शैक्षिक योग्यता, अनुभव र कार्य विवरण:

| | |
|---|---|
| पद: | प्राविधिक सहजकर्ता (सब-इन्जिनियर) |
| कार्य स्थान: | भेरी नगरपालिका नगरकार्यपालिकाको कार्यालय खलंगा, जाजरकोट र विभिन्न योजना क्षेत्रहरूमा बारम्बार फिल्ड भिजिट गर्नु पर्ने। |
| सुपरभाइजर: | WASH संयोजक |
| रिपोर्टिङ: | WASH इकाई |
| जवाफदेहि: | WASH-MC |
| शैक्षिक योग्यता: | सिभिल इन्जिनियरिङमा डिप्लोमा तह उत्तिर्ण |

**शैक्षिक योग्यता र कार्य अनुभव:**

- सिभिल इन्जिनियरिङमा डिप्लोमा तहको उत्तीर्ण गरि न्यूनतम ३ वर्ष समुदायमा आधारित ग्रामीण खानेपानी तथा सरसफाइ गतिविधिहरू (सर्वेक्षण, डिजाइन, पर्यवेक्षण/अनुगमन र मूल्याङ्कन आदि) मा अनुभव भएको हुनपर्ने।
- दाताहरूद्वारा अनुदान प्राप्त कार्यक्रमहरू/परियोजनाहरू र स्थानीय सरकार अन्तर्गत काम गरेको अनुभव भएका आबेदकलाई पहिलो प्राथमिकता हुने।

**अन्य सीपहरू:**

- सामाजिक परिचालन र तालिम सहजीकरण सीपहरूमा दखल भएको।
- अंग्रेजी र नेपालीमा लेख्ने र बोल्ने सीप भएको र स्थानीय भाषामा राम्रोसँग सहजीकरण गर्न सक्ने सीप भएको।
- नेपाली र अंग्रेजी दुबैमा राम्रो रिपोर्टिङ गर्ने सक्ने सीप भएको।
- कम्प्युटर (Word, Excel, Power point, Email/Internet) राम्रो ज्ञान र सीप भएको।
- ड्राफ्टिङ/AutoCad चलाउन जान्ने सीप भएको।

**प्रमुख जिम्मेवारीहरू:**

- योजना लेआउट प्लान तयार गर्ने र सो को अन्तिम रूप दिन सहयोग गर्ने, सामूहिक आमभेला/WUSCs बैठकहरूमा उपभोक्ताहरू/WUSCs लाई योजनाहरूको बारेमा सहजीकरण गर्ने र प्राविधिक समस्याहरूको पहिचान गरी समस्या समधान गर्ने।
- CCA/DRR सम्वन्धि राम्रो ज्ञान भई कार्य गर्ने। प्राविधिक मापण्डहरूको पालना गर्ने र SUSWA आयोजना सँग सम्वन्धित सम्पूर्ण प्राबिधिक मापदण्डहरूलाई ध्यानमा राखी विस्तृत सर्वेक्षण गरी खानेपानी योजनाहरूको डिजाइन र लागत अनुमान तयार गर्ने।
- प्राविधिक डिजाइन र अनुमानहरू नगरपालिका इन्जिनियर र प्रमुख प्रशासकीय अधिकृतद्वारा जाँच गरी अनुमोदन गर्न सुनिश्चित गर्ने।
- WUSCs/आम उपभोक्ताहरूको सामुदायिक कार्ययोजना (Community Action Plan -CAP) निर्माण गर्न WUSCs लाई सहजीकरण गर्ने।
- संरचनाहरूको ले-आउट अनुमोदित डिजाइन रेखाचित्र अनुसार हुनको लागि WASH प्राविधिक, मिस्त्री, ग्रामीण मर्मत सम्भार कार्यकर्ता (VMW) लाई सहयोग गर्ने।
- बाह्य निर्माण सामग्रीहरूको खरिद कागजातहरू तयार गर्ने र निर्माण सामग्री खरिद प्रक्रियाका लागि WUSC लाई सहजीकरण गर्ने र निर्माण सामग्री (स्थानीय र गैर स्थानीय) को गुणस्तर सुनिश्चित गर्ने।
- सामुदायिक स्तरमा प्रशिक्षकको रूपमा प्राविधिक तालिमहरू सञ्चालन गर्ने र ती तालिमहरू व्यवस्थापन गर्न नगरपालिकाला र वास संयोजकलाई सहयोग गर्ने।
- सम्पूर्ण कार्यमा प्राविधिक गुणस्तर कायम गर्ने र पूर्वाधारको गुणस्तर कार्य नियन्त्रण गर्न वास प्राविधकहरूलाई सहजीकरण गर्ने।
- खानेपानी तथा सरसफाइ योजनाहरुको सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गर्ने।

भेरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner

- बिस्तारित खानेपानी सुरक्षा योजनाहरू (WSP+++) विशेष गरी प्राविधिक पक्षहरूको लागि तयार गर्ने टोलीहरूलाई आवश्यकता अनुसार तालिम कार्यक्रम संचालन गरी सहजीकरण गर्ने।
- योजनाहरूमा सार्वजनिक लेखापरीक्षण सञ्चालन गर्न सहयोग गर्ने।
- भुक्तानीको लागि आवश्यक कागजातहरू तयार गर्ने र  र अन्तिम प्राविधिक रिपोर्टहरू तयार गर्ने।
- सबै गतिविधिहरूमा GEDSI को पक्षहरू सम्वोधन गर्ने र सो को सुनिश्चित गर्ने।
- SUSWA आयोजनाका नीतिहरू अनुसार योजना अनुगमनमा सहयोग र सहभागीता जनाउने।
- वास इकाईका मासिक/द्वि–मासिक बैठकहरूमा भाग लिने र आवश्यक्ताअनुसार WASH-MC बैठकमा पनि सहभागीता जनाउने।
- चरणवद्ध योजना अनुगमन प्रक्रिया अनुसार योजना अनुगमनमा भाग लिने।
- परियोजना गतिविधिहरूको योजना, अनुगमन र रिपोर्टिङको लागि वास संयोजक (WASH Coordinator) लाई सहयोग गर्ने।
- WUSCs र संस्थागत शौचालय निर्माण कार्यको लागि समितिहरूलाई भुक्तानीको लागि नगरपालिकालाई सहजीकरण गर्ने।
- परियोजनासँग सम्वन्धित योजनाहरूको र हरेक क्रियाकलापहरूको डाटाबेस रिपोर्टिङ गर्ने।
- पर्यवेक्षक/WASH इकाईद्वारा तोकिएको जिम्मेवारी परिणाममूखि भई उपलब्धिमूलक कार्य गर्ने। र सो बाहेक परियोजनालाई सहयोग हुने अन्य गतिबिधिहरूमा पनि सहभागी भई सहजीकरण कार्य गर्ने।

भेरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

नि. प्रमुख प्रशासकीय अधिकृत